# विदेशी विद्यार्थीका लागि Elective Posting Registration सम्बन्धि कार्यविधि

**प्रस्तावना**

नेपाल मेडिकल काउन्सिल नियमावली २०२४ (५औं संशोधन) को नियम ६ (१क) अनुसार र नेपाल मेडिकल काउन्सिलको पूर्ण बैठक मिति २०८१ असार २८ (१२ जुलाई २०२४) मा भएको निर्णय अनुसार Elective Posting Registration लाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले यो कार्यविधि निर्माण गरिएको हो ।

## परिच्छेद १: प्रारम्भिक

१. **संक्षिप्त नामकरण र प्रारम्भ**: (१) यस कार्यविधिलाई " **विदेशी विद्यार्थीका लागि Elective Posting Registration कार्यविधि**" भनिनेछ।

(२) यस कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० सम्झनु पर्छ ।

(ख) "नियामावली" भन्नाले नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ सम्झनुपर्छ ।

(ग) "काउन्सिल" भन्नाले ऐनको नियम ३ बमोजिम स्थापित नेपाल मेडिकल काउन्सिल सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले नेपाल मेडिकल काउन्सिलको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "रजिष्ट्रार" भन्नाले नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रार सम्झनु पर्छ ।

(च) "नाम दर्ता" भन्नाले चिकित्सकको रुपमा दर्ता किताबमा गरिने नाम दर्ता सम्झनुपर्दछ ।

## परिच्छेद २: दर्ता प्रयोजनका लागि आवश्यक प्रावधान

**३. दर्ता प्रयोजनका लागि आवश्यक प्रावधानहरू**: (१) विदेशी विद्यार्थीलाई Elective Posting गराउने चाहाने नेपालका चिकित्साशास्त्र शिक्षा अध्ययापन गराउने शिक्षण संस्था वा अस्पतालले अनिवार्य रुपमा नेपाल मेडिकल काउन्सिलको तोकिएको ढाचाँमा अनुसूची-१ बमोजिम शुल्क बुझाई सूचीकृत हुनु पर्नेछ ।

(२) यस दर्ता प्रक्रियाका लागि Elective Posting गराउन चाहेको शिक्षण संस्था वा अस्पतालबाट स्वीकृति पत्र (Approval Letter) र Elective Posting पठाउने संस्था र सो देशको चिकित्साशास्त्र सम्बन्धि नियमक निकायबाट अनुमति पत्र प्राप्त गर्नुपर्नेछ ।

**४. ईलेक्टीभ दर्ता प्रमाणपत्र**: (१) Elective Posting दर्ता सम्बन्धि सम्पूर्ण प्रावधान तथा प्रक्रिया पूरा भएपछि काउन्सिलबाट प्रमाणपत्र जारी गरिनेछ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र जारी गर्दा दर्ता भएको बर्ष-EP-दर्ता नम्बर राखि जारी गर्नु पर्दछ। उदाहरण-2025-EP-001

(३) उपनियम (२) बमोजिम प्रमाणपत्र प्राप्त नगरेका कुनै पनि विदेशी विद्यार्थीलाई Elective Posting मा सहभागी गराउन पाइँदैन।

नेपाल मेडिकल काउन्सिल • Nepal Medical Council •

## परिच्छेद ३: कागजात, दस्तुर तथा प्रक्रिया

५. **दर्ताका लागि आवश्यक कागजात तथा प्रक्रिया** (१) Elective Posting दर्ताका लागि तपसिल अनुसारका कागजातहरू नोटरीबाट प्रमाणित गरि काउन्सिलमा संलग्न गर्नुपर्नेछ-

(क) Application form of the candidate (Available at NMC website www.nmc.org.np)

(ख) Photographs (3 copies)

(ग) Registration certificate obtained from his/ her country medical council (if applicable)

(घ) Approval letter from elective posting institution of country of origin

(ङ) Approval letter from institution accepting elective posting in Nepal

(च) Registration Fee (Original Bank voucher)

(छ) Copy of Visa and Passport/ID

(२) माथि उल्लेखित सबै कागजातहरू नेपाल मेडिकल काउन्सिल, बाँसबारी, काठमाडौँमा बुझाउनुपर्नेछ।

६. **दस्तुर:** (१) Elective Posting दर्ताको दस्तुर अनुसूची-१ अनुसार हुनेछ।

## परिच्छेद ४: कारवाही तथा विविध

७. **कारवाहीका प्रावधानहरू:** (१) यस कार्यविधिको उल्लंघन भएमा उल्लंघन गर्नेले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २६ तथा अन्य प्रचलित कानुन अनुसार कारवाही भोग्नुपर्नेछ।

८. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा काउन्सिलले बाधा अड्काउ-फुकाउ गर्न सक्नेछ ।

९. **खारेजी र बचाउ:** **Elective Posting** दर्ताका सम्बन्धी यस भन्दा अगाडी भएका निर्णय तथा व्यवस्था खारेज गरि यो कार्यविधि लागु हुनु भन्दा अगाडी भए गरिएका काम कारवाही यसै कार्यविधि बमोजिम भएगरेको मानिनेछ।

नेपाल मेडिकल काउन्सिल • Nepal Medical Council •

अनुसूची-१

Elective Posting दर्ताको दस्तुर तथा शिक्षण संस्था वा अस्पतालको सूचीकृत दस्तुर

| क्रसं | विवरण | दस्तुर |
|---|---|---|
| १ | Elective Posting दर्ता | रू. ७,५००/- (सात हजार पाँच सय मात्र) |
| 2 | शिक्षण संस्था वा अस्पतालको सूचीकृत | रू. १,००,०००/- (एक लाख मात्र) |